देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## सेवा करारमा लिने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०१/१३)

यस देवदह नगरपालिकाको लागि तपशिलका कर्मचारीहरु सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएको सम्पुर्ण कागजात संलग्न गरि दरखास्त दिनुहुन मिति २०७८/०१/१२ गतेको पदपुर्ति समितिको निर्णयानुसार सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ। आवेदन फारम यस देवदह नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | पद संख्या | परीक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २०/०७७-०७८ | पशु अधिकृत | अधिकृत छैठै | १ (एक) | छोटो सूची, लिखित तथा अन्तर्वार्ता | |
| २. | २१/०७७-०७८ | अ.हे.व | चौथो तह | ७ (सात) | | |
| ३. | २२/०७७-०७८ | अ.न.मी | चौथो तह | ८ (आठ) | | |
| ४. | २३/०७७-०७८ | फिल्ड सहायक | चौथो तह | १ (एक) | छोटो सूची तथा अन्तर्वार्ता | सेवा इकाईका लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम (सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत) |
| ५. | २४/०७७-०७८ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ (सात) | | |
| ६. | २५/०७७-०७८ | स्विपर | श्रेणी विहिन | १ (एक) | अन्तर्वार्ता | |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

क. **पशु विकास अधिकृत पदका लागि:** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी.एजी. उत्तीर्ण वा बि.टेक. (डेरी टेक्नोलोजी) वा बी.भी.एस्सी./ डि.भि.एम. वा बि.टेक.एड (लाइभस्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण गरेको।

ख. **अ.हे.व पदका लागि:** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए. वा सो सरह उत्तीर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको।

ग. **अ.न.मी. पदका लागि:** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. वा सो सरह उत्तीर्ण गरि नेपाल नर्सिङ परिषदमा दर्ता भएको।

घ. **फिल्ड सहायक पदका लागि:** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको।

ङ. **कार्यालय सहयोगी पदका लागि:** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ कक्षा उत्तीर्ण गरेको।

च. **स्विपर पदका लागि:** सामन्य लेखपढ।

२. **आवश्यक कागजात:**

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि। (ख) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(ग) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति। (घ) अनुभवका प्रमाणपत्र

(छ) न्यूनतम भन्दा माथिल्लो योग्यता भएमा सोको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(ज) हालको स्थायी ठेगाना खुल्ने कागजात।

३. **उमेर:**

क. पशु विकास अधिकृत पदका लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको।

ख. अ.हे.व./ अ.न.मी./कार्यालय सहयोगी/ स्विपर पदका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

ग. फिल्ड सहायक पदका लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

४. प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको।

५. **दरखास्त दस्तुर**: पशु विकास अधिकृत - रु १०००/-, अ.हे.व./अ.न.मी.- रु. ५००/-, फिल्ड सहायक- रु. ५००/- कार्यालय सहयोगी/ स्विपर- रु. ३००/-

६. **दरखास्त बुझाउने स्थान**: देवदह नगरपालिका ,नगर कार्यपालिकाको कार्यालय, केरवानी, रुपन्देही।

७. **दरखास्त दिने अन्तिम मिति**: २०७८/०२/११ गते कार्यालय समय सम्म।

८. **सेवा सुविधा**: सम्झौता बमोजिम।

९. **परीक्षाको मिति**: पछि प्रकाशन गरिनेछ।

१०. **करार अवधी**: २०७८ अषाढ मसान्तसम्म।

११. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

**द्रष्टव्य**: अन्य आवश्यक जानकारिको लागि कार्यालय समयमा नगरपालिकाको कार्यालयमा वा ९८५७०८८३८५ मा सम्पर्क गर्नुहोला।

२०७८/०१/१३

...................

रमेश गिरी

शाखा अधिकृत

रमेश गिरी
शाखा अधिकृत